बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

## सुरक्षा सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०८३/०४/१४)

आ.व. २०८३/०८४ मा मन्त्रालयको सुरक्षाको लागि सुरक्षा सेवा करारमा लिनुपर्ने भएको हुँदा सुरक्षा सम्बन्धी काम गर्ने फर्म/कम्पनीले यस मन्त्रालयबाट तयार गरिएको कार्य क्षेत्रगत सर्तहरु (TOR) को अधीनमा रही सुरक्षा सम्बन्धी काम गर्न यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनी दर्ताको प्रमाणपत्र, VAT दर्ताको प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र र सुरक्षा सेवा सम्बन्धी कार्य गर्ने निवेदन सहित यस मन्त्रालयमा प्रस्ताव पेस गर्नुहुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

| विवरण | प्रस्ताव दाखिला गर्ने अन्तिम मिति र स्थान | प्रस्ताव खोलिने मिति |
|---|---|---|
| सुरक्षा सेवा सम्बन्धी कार्य | २०८३ श्रावण २८ गते दिनको १२:०० बजेसम्म आर्थिक मामिला तथा योजना मन्त्रालय,बागमती प्रदेश, हेटौंडा | २०८३ श्रावण २८ गते दिनको २:०० बजे |

### कार्यालय सुरक्षा सेवा उपलव्ध गराउने कार्य क्षेत्रगत शर्तहरु (TOR) :-

१. **सेवा प्रदायकले गर्नुपर्ने कामको पृष्ठभूमि र उद्देश्य :-** आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको सुरक्षा प्रबन्ध गर्न सुरक्षा सेवा करारमा लिन आवश्यक भएको।

२. **सेवा प्रदायकको कार्यक्षेत्र र सम्पादन गर्नुपर्ने काम :-** सेवा प्रदायकले आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको कार्यालय परिसरमा ८/८ घण्टाको पालो गरी ३ जना सुरक्षाकर्मी खटाई २४ घण्टा सुरक्षा प्रवन्ध गर्नुपर्नेछ। ती सुरक्षाकर्मीहरुलाई प्रचलित कानुन बमोजिमको पारिश्रमिक एवं सबै सुविधा सेवा प्रदायकले प्रदान गर्नुपर्ने छ ।

३. **सम्झौता अवधिः-** सम्झौता अवधि सम्वत् २०८३ साल भदौ १ गतेदेखि सम्वत् २०८४ असार मसान्तसम्म हुनेछ।

४. **सेवा प्रदायकले प्राप्त गर्ने रकम र सुविधाः-** मन्त्रालयले सेवा प्रदायकलाई सम्झौता बमोजिमको रकम उपलव्ध गराउनेछ। मन्त्रालयले सुरक्षामा खटिने सुरक्षकर्मीलाई सेक्युरिटी पोष्ट तथा पोशाक फेर्ने कोठा उपलव्ध गराउनेछ। अन्य भौतिक सुविधा उपलव्ध गराइने छैन।

५. यसमा उल्लेखित शर्तहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

*__द्रष्टव्यः__ सम्बन्धित फर्म/कम्पनीले आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा निवेदन दिइ प्रस्ताव फाराम प्राप्त गर्न सक्ने जानकारी गराइन्छ।*

# सुरक्षा सेवा उपलब्ध गराउने सम्बन्धी प्रस्ताव फाराम

प्रस्ताव पेस गर्ने फर्म/ कम्पनीको नामः

प्रस्ताव पेस गर्ने फर्म/ कम्पनीको ठेगानाः

प्रस्ताव पेस गरेको मितिः

| **कामको प्रकृति/कामको विवरण** | **सुरक्षा सेवा प्रवाह गर्ने अवधि** | **प्रस्तावित जनशक्ति** | **प्रस्तावित प्रति व्यक्ति मासिक दररेट (मु.अ.कर समेत) अंक र अक्षरमा** | **जम्मा मासिक दररेट (मु.अ.कर समेत) अंक र अक्षरमा** | **कैफियत** |
|---|---|---|---|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको कार्यालय परिसरमा ८/८ घण्टाको पालो गरी सुरक्षाकर्मी खटाई २४ घण्टा सुरक्षा प्रवन्ध गर्नेछ। | सम्बत् २०८३ भदौ १ देखि २०८४ असार मसान्तसम्म | ३ जना | | | |

**<u>फर्म/कम्पनीको तर्फबाट प्रस्ताव पेस गर्नेको</u>**

नामः

पदः

हस्ताक्षरः

सम्पर्क नं.

फर्म/कम्पनीको छापः